# सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय लिम्बुवान राज्य परिषदबीच मिति २०६४।१२।६ मा भएको सहमति

नेपालमा कायम रहेको सामन्ती, केन्द्रीकृत शासन सत्ता र एकात्मक राज्य संरचनाले लिम्बुवानबासी जनतालाई राज्यको मूलधारबाट पाखा लगाई शोषण, उत्पीडन गरेको र त्यसका विरुद्ध आफ्नो असन्तुष्टि जाहेर गर्दै आएको र ऐतिहासिक जनआन्दोलन २०६२/६३ को मर्म र भावनालाई सम्बोधन गर्ने गरी राज्यको पुनःसंरचना गर्ने भनिएकोमा सोही भावनालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, जातीय पहिचान सहितको अधिकार र स्वायत्तताको लागि ऐतिहासिक पृष्ठभूमिका आधारमा आत्मनिर्णयको अधिकारसहितको लिम्बुवान स्वायत्त राज्यको माग राखी आन्दोलन गर्दै आएको सन्दर्भमा राज्यलाई पुनःसंरचना गर्दा लिम्बुवान लगायत सम्पूर्ण नेपाली जनतालाई एउटै राष्ट्रिय मूल प्रवाहमा समाहित गरी शान्त, सम्वृद्ध र आधुनिक नयाँ नेपाल बनाउने प्रतिवद्धता व्यक्त गर्दै हामी तपसिलमा रहेका पक्षहरू निम्न लिखित सहमतिमा पुगेका छौं ।

१. लिम्बुवानवासी जनताको उत्कट चाहना र आन्दोलनलाई सम्बोधन गरी राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई अक्षुण्ण राख्दै संविधान सभाबाट वर्तमान नेपालको राज्य पुनःसंरचना गर्दा लिम्बुवानको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक क्षेत्र लगायतका आधारमा स्वायत्त राज्यहरूको संवैधानिक व्यवस्था गरी संघीय शासन प्रणाली अवलम्वन गरिनेछ ।

२. लिम्बुवानबासी जनताले गरेको आन्दोलनको क्रममा शहादत प्राप्त गरेका स्व.राजकुमार आङदेम्बे (माङतोक) लाई शहिदको रुपमा सम्मान गर्दै निजको परिवारलाई रु. दश लाख क्षतिपूर्ति उपलब्ध गराइनेछ र सो क्रममा भएका क्षतिको क्षतिपूर्ति र घाइतेको उपचार गराउने व्यवस्था सरकारले गर्नेछ साथै आन्दोलनकारी माथि लगाईएका मुद्दा सरकारले तुरुन्त फिर्ता लिनेछ ।

३. राज्य पुनःसंरचना आयोग निर्माण गर्दा संघीय लिम्बुवान राज्य परिषदको प्रतिनिधित्व गराइनेछ ।

४. माथिका बुँदाहरूमा भएका सहमतिलाई मन्त्रिपरिषदबाट अनुमोदन गराई सार्वजनिक गरिनेछ ।

५. आज भएको दुईपक्ष बीचको सहमति पश्चात संघीय लिम्बुवान राज्य परिषदद्वारा संचालन गरिएका आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगन गरी संविधानसभाको निर्वाचन सहज वातावरणमा सम्पन्न गराउन सहयोग गरिनेछ ।

| संघीय लिम्बुवान राज्य परिषदका तर्फबाट | सातदल सम्मिलित सरकारी वार्ता समितिको तर्फबाट |
|---|---|
| (श्री सञ्जुहाङ पालुङवा) | (श्री रामचन्द्र पौडेल) |
| अध्यक्ष तथा वार्ता टोली संयोजक | संयोजक |